**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०६ अक्तूबर २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

**<u>राष्ट्रपति- रात्री भोज</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले हिज राष्ट्रपति भवनमा स्विजरल्याण्डका राष्ट्रपति गी परमेलिनसँग भेट गर्नु भयो र उहाँको सम्मानमा रात्रीभोज आयोजना गर्नु भयो। राष्ट्रपति परमेलिनलाई भारतमा स्वागत गर्नुहुँदै राष्ट्रपति मुर्मुले भारत र स्विट्जरल्याण्डले लोकतन्त्र र कानूनको शासन जस्ता साझा मूल्यमा आधारित न्यानो र सौहार्दपूर्ण सम्बन्ध रहेको बताउनु भयो। उहाँले दुई देशले व्यापार, लगानी, विज्ञान, प्रविधि र नवप्रवर्तन, संस्कृति र जनता-जनता सम्पर्क सहित विस्तृत क्षेत्रहरूमा व्यापक सहयोग रहेको बताउनु भयो। राष्ट्रपतिले दुई देशहरू बीचको नियमित उच्चस्तरीय आदानप्रदानले द्विपक्षीय सम्बन्धलाई गति दिएको उल्लेख गर्नु भयो। यसबाहेक, राष्ट्रपति मुर्मुले स्विट्जरल्याण्ड भारतको लागि एक महत्त्वपूर्ण व्यापार र लगानी साझेदार भएको उल्लेख गर्नु भयो। उहाँले ऐतिहासिक भारत-युरोपीय मुक्त व्यापार संघ व्यापार र साझेदारी सम्झौता लागू भएसँगै द्विपक्षीय व्यापार र लगानी विस्तार गर्ने अवसरहरू अझ बढी भएको बताउनु भयो। उनीहरूले स्वच्छ र हरियो प्रविधि र कृत्रिम बुद्धिमत्ता जस्ता उदीयमान क्षेत्रहरूमा पनि अवसरहरू अन्वेषण गर्न सक्ने बताए। दुवै नेताले भारत र स्विट्जरल्याण्डबीचको घनिष्ठ सहयोगले दुवै देशका जनतालाई ठूलो फाइदा पुऱ्याउन सक्ने कुरामा सहमति जनाए।

**<u>उपराष्ट्रपति- संस्कृत विश्वविद्यालय</u>**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज नयाँ दिल्लीमा लाल बहादुर शास्त्री राष्ट्रिय संस्कृत विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहलाई सम्बोधन गर्नु हुनेछ।आकाशवाणी समाचारसँग कुरा गर्नु हुँदै, विश्वविद्यालयका उपकुलपति प्रोफेसर मुरली मनोहर पाठकले दीक्षान्त समारोहमा १ हजार ३०० भन्दा बढी विद्यार्थीहरू उपस्थित हुने बताउनु भयो। उहाँले भन्नुभयो, उपराष्ट्रपतिले उत्कृष्ट शैक्षिक प्रदर्शनका लागि तीन जना मेधावी विद्यार्थीहरूलाई शंकर दयाल शर्मा पदक प्रदान गर्नु हुनेछ। समारोहमा दुई सय चालीस विद्यार्थीहरूलाई पीएचडी डिग्री प्रदान गरिनेछ, जबकि २०२४, २०२५ र २०२६ का तीन शैक्षिक सत्रका ६० विद्यार्थीहरूलाई स्वर्ण पदक प्रदान गरिनेछ।

BYTE

**<u>पीयूष गोयल-अमरीका</u>**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले अमेरिकी व्यापारिक नेताहरूसँग भेटघाट गर्नु भयो र भारतमा साझेदारी तथा लगानी प्रवर्द्धन गर्ने अवसरहरूबारे छलफल गर्नु भयो। श्री गोयलले हिजो न्यूयोर्कमा ब्ल्याकस्टोनका अध्यक्ष तथा प्रमुख सञ्चालन अधिकारी जोनाथन ग्रे, न्युबर्गर बर्मनका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकारी जर्ज वाकर अनि द एस्टी लाउडर कम्पनीजका अध्यक्ष तथा प्रमुख कार्यकारी अध्यक्ष स्टेफेन डे ला फेवेरीसँग भेट गर्नु भयो। श्री गोयलले न्युबर्गर बर्मनका अध्यक्ष तथा प्रमुख कार्यकारी अध्यक्ष जर्ज वाकरसँग बैठक गर्नु भयो। बैठकमा न्युबर्गर मार्केट्सका ग्लोबल हेड एन्थोनी टुट्रोन, प्रमुख सञ्चालन अधिकारी एन्ड्रयू कोमारोफ र प्रबन्ध निर्देशक जैन नाकी उपस्थित थिए। श्री गोयलले भन्नुभयो, बलियो समष्टिगत आर्थिक आधारभूत कुराहरू र विस्तारित पूँजी बजारहरूको साथ, भारतले विश्वव्यापी लगानीकर्ताहरूका लागि महत्त्वपूर्ण अवसरहरू र दीर्घकालीन मूल्य सिर्जना सम्भावना प्रदान गर्दछ । श्री गोयल जी-२० व्यापार मन्त्रीहरूको बैठकमा भाग लिन अमेरिकामा हुनुहुन्थ्यो। उहाँले अमेरिकी व्यापारिक नेताहरूलाई पनि भेट्नुभयो र शिकागोमा भारतीय समुदायलाई सम्बोधन गर्नुभयो।

**रूस-अफगानिस्तान-भारत**

भारतले अफगानिस्तानको सार्वभौमिकता, एकता र क्षेत्रीय अखण्डता र अफगान जनताको कल्याणप्रतिको आफ्नो प्रतिबद्धताको समर्थन दोहोऱ्याएको छ। भारतले मस्कोमा रूसद्वारा आयोजित अफगानिस्तान सम्बन्धी आठौं मस्को फर्मेट परामर्शमा यो बयान दिएको हो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व रूसका लागि भारतीय राजदूत विनय कुमार र सहसचिव डा. एम. सुरेश कुमारले गरेका थिए। बैठकमा रूस, भारत, इरान, काजाकिस्तान, चीन, किर्गिस्तान, पाकिस्तान, ताजिकिस्तान र उज्बेकिस्तानका प्रतिनिधिहरूले भाग लिएका थिए। अफगानिस्तानको प्रतिनिधित्व विदेशमन्त्री अमिर खान मुत्ताकीले गर्नु भएको थियो। बेलारुस र इजिप्ट अतिथिको रूपमा सहभागी थिए। रुसी विदेश मन्त्रालयका अनुसार, सहभागीहरूले समानता र पारस्परिक लाभको आधारमा काबुलसँग सहयोग बढाउने र विश्वव्यापी अर्थव्यवस्थामा अफगानिस्तानको एकीकरणलाई समर्थन गर्ने आवश्यकता दोहोऱ्याए।

**राष्ट्रपति – हिमाचल**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि हिमाचल प्रदेशको तीन दिवसीय भ्रमणमा रहनु हुनेछ। यस भ्रमणको क्रममा राष्ट्रपति मुर्मु बिलासपुरस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा हुने दीक्षान्त समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुनेछ र प्रशिक्षार्थी डाक्टरहरूलाई उपाधि प्रदान गर्नुहुनेछ। राष्ट्रपतिको भ्रमणलाई ध्यानमा राख्दै बिलासपुर जिल्ला प्रशासनले सुरक्षा व्यवस्था कडा पारेको छ। दीक्षान्त समारोहपछि राष्ट्रपति मनाली जानु हुनेछ। ७ अक्टोबरमा राष्ट्रपतिले रोहताङको हिडिम्बा मन्दिर र अटल सुरुङको भ्रमण गर्नुहुनेछ।

**जनसेवा**

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवाको २५ वर्ष पूरा गर्दै हुनुहुन्छ। "जनसेवा मार्फत राष्ट्रको सेवा" भन्ने मन्त्रबाट निर्देशित र निरन्तर प्रतिबद्धता र सुशासनद्वारा प्रेरित, सरकार २०४७ सम्ममा विकसित भारतको दिशामा अथक प्रयास गरिरहेको छ। समावेशी विकास र सामाजिक सशक्तिकरणले जनताको जीवनलाई रूपान्तरण गरिरहेको छ। आज, हाम्रो विशेष शृङ्खलामा, हामी केरलाको विझिंजम बन्दरगाहमा विकास कार्य मार्फत यो दृष्टिकोण कसरी साकार भएको छ भन्ने बारेमा छलफल गर्नेछौं।

BYTE

**उपचुनाव**

तमिलनाडु, पुडुचेरी र पश्चिम बंगालका पाँच विधानसभा आशन र आसामको एक लोकसभा आशनमा उपचुनावको लागि आज मतदान हुँदैछ। पाँच विधानसभा आशनहरूमा तमिलनाडुको मदुरन्तकम र धारापुरम, पुडुचेरीको थट्टनचावाडी र पश्चिम बंगालको रेजीनगर अनि नन्दीग्राम समावेश छन्। आसामको नागाउँ लोकसभा सिटको लागि पनि आज मतदान हुदैछ। मतगणना शुक्रबार हुनेछ।

**क्रिकेट**

पुरुष क्रिकेटमा, भारत र वेस्ट इन्डिजबीचको पाँच म्याचको टी-२० शृङ्खलाको पहिलो म्याच आज लखनऊमा खेलिनेछ। म्याच भारत रत्न श्री अटल बिहारी वाजपेयी एकाना क्रिकेट स्टेडियममा साँझ 7 बजे शुरू हुनेछ।

**मौसम**

मौसम विभागले आज केरलम, माहे, दक्षिण आन्तरिक कर्नाटक, तमिलनाडु, पुडुचेरी र कराइकलका केही भागहरूमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।